इमेल : akcpalpa@gmail.com
फोन नं : ०७५ ५२०२९४
वेभसाइट : palpa.akc.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

तानसेन, पाल्पा

अनुसुची-३२

(दफा ८ उपदफा (२)सँग सम्बन्धित)

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१/०६/१४**

कृषि ज्ञान केन्द्र, पाल्पाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तल उल्लेखि कार्यक्रमहरुमा सहभागि हुन इच्छुक आवेदक (कृषक/कृषि फर्म/कृषकसमुह/सहकारी/जल उपभोक्ता समिति/कृषिमा आधारित कम्पनी)ले सूचना प्रकाशित मितिले ४० दिन भित्र (मिति २०८१/०७/२३ गते सम्म)मा यस कार्यालयमा तपसिलको कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाचाँ, व्यवसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, संचालन कार्यविधि यस कार्यालयको सूचनापार्टी/वेवसाईट www.palpa.akc.gov.np बाट प्राप्त गर्न सकिन्छ ।थप जानकारीको लागि कार्यालयको सम्पर्क नम्बर ०७५-५२०२९४, ९८५७०६५००६ मा सम्पर्क गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यवहोरा समेत जानकारी गराईन्छ ।

| क्र.सं. | कार्यक्रम | संचालन गर्न सकिने कियाकलापहरु | न्यूनतम मापदण्ड | विनियोजित बजेट रु. हजारमा | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| १. | लक्षित समुदाय विशेष आयआर्जन कार्यक्रम | -बाली/वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कार्यक्रम संचालन गर्नुपर्ने<br>-साना पूर्वधार (टनेल, नर्सरी, गुमोज आदि)<br>-तालिम तथा सचेतना। | -कार्यालयले उपयुक्त स्थान छनौट गरी लक्षित समुदायको मागको आधारमा बाली/वस्तु पहिचान गर्नुपर्ने<br>-लक्षित वर्ग विशेष अर्थिक रुपमा विपन्न मुक्त कमैया/कम्लहरी, भूमिहीन, मुसहर, चिडीमार, पासी, मंगता, नटुवा, गडरिया, वादी, बोटे, माझी, किन्नरिया, कुचबन्धिया, खुना, कुमाल, सोनहा, विपन्न दलित, राजी, चमार, डोम आदि सिमान्तकृत वर्गलाई प्राथमिकता दिनुपर्ने<br>-लक्षित समुदायमा कम्तीमा २० जना घरधुरी समावेश गरी कार्यक्रम संचालन हुनुपर्ने<br>-कार्यालयले चौथो तहका प्राविधिकलाई परिचालन गरी सामाजिक परिचालन, प्रविधिक परामर्श/सेवा दिनुपर्ने<br>-सहुलियत नपाएकालाई प्राथमिकता दिइने । | १०००.०० | -कार्यालयले लागत अनुमान स्वीकृत सहितको कार्ययोजना स्वीकृत गरी संचालन गर्ने,<br>-प्रति परिवार अधिकतम रु २० हजार बराबरको वस्तुगत सहयोग उपलब्ध गराउन सक्नेछ । |
| २. | बीउ आत्मनिर्भर कार्यक्रम | - उत्पादन सामाग्री: स्रोत बीउ, सूचीकृत प्राङ्गारिक मल, सुक्ष्म तत्व खरिद<br>-प्याकेजिङ सामग्री, बीउ प्रमाणीकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरु खरिद । | - बीउ आत्मनिर्भर कार्यक्रम न्यूनतम देहायको क्षेत्रफलमा संचालन गर्नुपर्ने:<br>बीज वृद्धि — पहाड(रोपनी)<br>खाद्यान्न बाली बीउ — ६०<br>दलहन/तेलहन बीउ — २०<br>-एकल वा समूहमा बीउ उत्पादन गर्न सकिने<br>-सामूहिक बीउ उत्पादन कलष्टरमा गर्नुपर्ने<br>-बीउ बिजन कारोबार गर्ने अनुमतिपत्र लिएको हुनुपर्ने वा त्यस्तो संस्थासँग समन्वय गरेको हुनुपर्ने<br>-स्रोत तथा प्रमणित बीउ उत्पादकलाई प्राथमिकता दिइने । | ९००.०० | - बीउ आत्मनिर्भर कार्यक्रम को हकमा प्रोत्साहन स्वरुप देहाय बमोजिम रकम उपलब्ध गराइनेछ ।<br>- खाद्यान्न /दलहन/ तेलहन बीउ उत्पादनमा प्रति रोपनी रु १५००/- अनुदान दिइने । |
| ३. | सिचाइ सहित कृषि विकास कार्यक्रम | -सोलार सिचाई, थोपा सिचाई,लिफ्ट सिचाई, बोरिङ, पम्पसेट, | कृषक/फर्म/कम्पनी/कृषकसमुह/सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने<br>-निजको हकमा न्यूनतम ५ रोपनी र सामुदयिकको हकमा ५० | ४०००.०० | - पूर्वाधार (सिचाई कुलो, पोखरी, सोलार सिचाई, थोपा सिचाईको फिल्टर सेट बोरिङ, |



सन्तोष कुमार चौधरी
निमित्त कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
तानसेन, पाल्पा

इमेल : akcpalpa@gmail.com
फोन नं : ०७५ ५२०२९४
वेभसाइट : palpa.akc.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| | | मोटर, पाइप, ड्रिप तथा स्पिङ्कलर लगायतका सिचाई सामाग्री खरिद -सिचाई कुलो/पोखरी, बोरिङ, लिफ्ट सिचाई निमार्ण तथा सुधार | रोपनी सिंचित क्षेत्र विस्तार गर्नुपर्ने<br>-यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने<br>-विपन्न तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने । | | निर्माणको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत र अन्य (मोटर, पम्पसेट, पाइप आदि) को हकमा अधिकतम ५० प्रतिशत<br>- समुह/सहकारी को हकमा अधिकतम रु ५ लाख र व्यक्तिगत वा फर्म/कम्पनीको हकमा अधिकतम रु २ लाख अनुदान । |
| ४. | करार खेती कार्यक्रम | -करार खेती गर्ने कृषक /फर्म/कृषक समुह/सहकारीलाई जग्गाको भाडामा सहयोग गर्ने | -करारनामा स्थानीय तहको रोहवरमा गर्नुपर्ने<br>- एकाघरको परिवार बाहेकमा करारनामा हुनुपर्ने<br>-भूमिहिनलाई वा ५ कट्ठाभन्दा कम जग्गा भएका कृषकलाई प्राथमिकता दिनुपर्ने<br>-बाझो जग्गा वा संस्थागत जग्गा भाडामा लिनेलाई प्राथमिकता दिइने<br>-करारनामामा कम्तिमा ५ वर्ष खेती गर्ने प्रतिबद्धता हुनुपर्ने | ६००.०० | -प्रति हेक्टर अधिकतम ३० हजारका दरले जग्गा भाडा बापत अनुदान दिन सकिने<br>-प्रति अनुदानग्राही अधिकतम ३ हेक्टरसम्म कार्यक्रम संचालन गर्न सकिने |
| ५. | किवी प्रवर्द्धन कार्यक्रम (पूर्वखोला गाउपालिका) | -उत्पादन सामाग्री (बिरुवा ढुवानी सहित, सुक्ष्मतत्त्व तथा उपकरण (स्पेयर,करौती, सिकेचर, आदि) ।<br>-पोल , थाका र तार<br>-खाडल खन्ने उपकरण (डिगर)<br>-सिचाई पूर्वाधार (प्लांष्टिक पोखरी, ड्रिप सेट, पाइप,पानी तान्ने पम्प आदि) | - सम्बन्धित निकायमा दर्ता भएको कृषक समूह/कृषि सहकारी/संस्था हुनुपर्ने ।<br>- आधुनिक प्रविधि सहितको नमुना बगैचा स्थापना हुनुपर्ने ।<br>-न्यूनतम ५ रोपनी क्षेत्रफलमा बगैचा स्थापना भएको हुनुपर्ने । | ८००.०० | -बिरुवामा ५० प्रतिशत अनुदान<br>-पोल तथा तारमा ७५ प्रतिशत अनुदान<br>-अन्य उत्पादन सामाग्री तथा उपकरणमा ५० प्रतिशत अनुदान<br>-सिचाई पूर्वाधारमा ७५ प्रतिशत |
| ६. | बाली वस्तु विशेष सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम (तरकारी र सुन्तलाजात फलफूल) | - बीउ/बिरुवा तथा अन्य उत्पालन सामाग्री सहयोग<br>-क्षमता अभिवृद्धि<br>-प्रयोगशाला सेवा, बाली संरक्षण र प्राविधिक सेवा<br>-प्रशोधन तथा बजारीकरण सहजीकरण<br>-फलफूल बालीको हकमा खाडल तयारी<br>-तरकारी बालीको हकमा प्लाष्टिक टनेल | कृषक/फर्म/कम्पनी/कृषकसमुह/सहकारी/ सहभागी हुन सक्ने<br>-देहाय बमोजिमको मापदण्ड अनुसार -क्लष्टरमा क्षेत्रफल विस्ततर गर्नुपर्ने<br>क.सं. / बाली / क्षेत्रफल / बजेट रु हजारमा<br>१ / तरकारी / २०(बढीमा १० क्लस्टर) / २५००<br>२ / सुन्तलाजात फलफूल / १०(बढीमा ५ क्लस्टर) / १७००<br>नोट:<br>- तोकिएको क्षेत्रफलको कम्तीमा ८० प्रतिशत पुग्ने गरी कार्यक्रम संचालन गर्नुपर्नेछ ।तर तोकिएको भन्दा बढी क्षेत्रफलमा कार्यक्रम संचालन गर्न बाधा पर्ने छैन । | ४२००.०० | -कार्यालयले लागत अनुमान स्वीकृत सहितको कार्ययोजना स्वीकृत गरी संचालन गर्ने<br>-बीउ/बिरुवा खरिदमा शत प्रतिशत, तरकारी बालीमा प्लाष्टिक टनेलको प्रति वर्ग मिटर रु २७५ का दरले खर्च गर्न सकिने, फलफूल बालीको हकमा प्रति खाडल(कम्तीमा ३*३*३ घन फुट)का लागि रु १०० का दरले खर्च गर्न सकिने र बाँकी रकम आवश्यकताका आधारमा प्रति हेक्टर अधिकतम रु ५ हजार |



सन्तोष कुमार चौधरी
निमित्त कार्यालय प्रमुख

इमेल : akcpalpa@gmail.com
फोन नं : ०७५ ५२०२९४
वेभसाइट : palpa.akc.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| | | निर्माण | | | अन्य उत्पादन सामाग्रीका लागि खर्च गर्न सकिनेछ ।<br>-क्षमता विकास/बजारीकरण समन्वयमा प्रति बाली अधिकतम रु १ लाख खर्च गर्न सकिनेछ । |
| ७ | कृषक सम्मान कार्यक्रम | -तोकिएको मापदण्ड र विधि बमोजिम उत्कृष्ट कृषक छनोट गरी पुरस्कृत गर्ने<br>-पुरस्कार, प्रमाण पत्र लगायतका सामाग्री खरिद<br>-समारोह व्यवस्थापन | -सम्बन्धिक निर्देशनालयले कृषक छनौट गर्ने मापदण्ड र विधि निर्धारण गरे बमोजिम हुनेछ ।<br>-जिल्लामा एकजना कृषकलाई सर्वोत्कष्ट कृषक पुसस्कार दिनुपर्ने र प्राथमिकतानुसारको अन्य तीन विधाहरुमा एक -एकजना उत्कृष्ट कृषक पुरस्कार दिन सकिनेछ । | ५०.०० | -कार्यालयले लागत अनुमान स्वीकृत गरी संचालन गर्ने<br>-जिल्ला सर्वोत्कृष्ट कृषक पुरस्कार रु १०,०००/-, -उत्कृष्ट कृषक पुसस्कार रु ५०००/- प्रदान गर्ने । |
| ८. | विपतबाट क्षति पुगेका कृषक/ उधमी/फर्म/ समुह/सहकारीलाई पुर्नस्थापनाका लागि वस्तुगत सहयोग कार्यक्रम | -जिल्ला विपद व्यवस्थापन समिति वा सम्बन्धित स्थानीय तहको विपद् व्यवस्थापन समिति मार्फत निर्णय गर्ने<br>-क्षति भएको व्यवसायसँग सम्बन्धित सामाग्रीहरुमा नगद नभई वस्तुगत सहयोग उपलब्ध गराइने । | -विपद अन्तर्गत प्राकृतिक प्रकोप आगलागी, बाढी, पहिरो, अतिवृष्टि, हावाहुरी, असिनापानी, चटयाङ्ग, महामारीजन्य रोगकिराबाट कृषि व्यवसायमा भएको क्षतिलाई समेटिने<br>-चालु आर्थिक वर्षको अघिल्लो एक आर्थिक वर्षको विपद समेतलाई समेटन सकिने<br>-मुचुल्का, क्षति मूल्याङ्कन प्रतिवेदन मुचुल्का तयार भएको दिनदेखि बढीमा १५ दिनभित्रको प्रतिवेदन( फोटो/भिडियो, सम्बन्धित स्थानीय तह/वडाको सिफारिस पत्र लगायतका आवश्यक कागजातहरु) नयाँ विपदको हकमा (पुरानो विपद) चालु आर्थिक वर्षको अघिल्लो एक आर्थिक वर्षको हकमा उल्लेखित कागजातहरु क्षति मूल्याङ्कन प्रतिवेदन अनिवार्य नरहेको । | २००.०० | - विनियोजित बजेटको परिधिभित्र रही कार्यालयले प्रति परिवार अधिकतम ५० हजार बराबरको सामाग्री खरिद गरी कार्यक्रम संचालन गर्ने । |

**<u>संलग्न गर्नुपर्ने कागजातहरु:</u>**

१. प्रस्तावकको निवेदक (अनुसूची ३३ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्र प्रतिलिपि (समूह/निजि फर्म/कम्पनी/सहकारी) ।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुत्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा.नम्बर प्रमाण-पत्र प्रतिलिपि छनोट भएका सम्झौता पूर्व पेश गर्नु पर्ने ।
५. कार्यक्रम संचालनको लागि व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूचि ३५ बमोजिम) ।
६. सम्बधित स्थानीय तहको सिफारिस पत्र ।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निणयको प्रतिलिपि ।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि जा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र ।

......................
सन्तोष कुमार चौधरी
निमित्त प्रमुख